Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD: 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: १७२ | वि.सं. २०८२ असोज २४ शुक्रवार | नेपाल संवत: ११४५, कार्तिक कृष्ण चतुर्थी | Friday 10 October 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

जेन-जी आन्दोलनको एक महिना

# अघि बढेन कर्णालीका क्षतिग्रस्त संरचनाको पुनर्निर्माण



**ओम शाही**
**सुर्खेत, २३ असोज ।**

गत २३-२४ भदौमा भएको जेन-जी आन्दोलनले बिहिबार एक महिना पुरा गरेको छ । सामाजिक सञ्जालमाथीको प्रतिवन्ध, भ्रष्टाचारर बेथितिकाविरुद्ध सडक आन्दोलनमा उत्रिएकोजेनी समूहमाथी सरकारको अत्याधिक बल प्रयोगपछिसोही दिन १९ जना कलिला युवाले ज्यान गुमाएका थिए। त्यसको विरोधमा भोलिपल्ट २४ भदौमा भएको जेन-जी आन्दोलनले विश्वासात्मक रुप लिएपछि देशका महत्वपूर्ण प्रशासनिक संरचनामा ठुलो क्षति पुगेको थियो ।

आन्दोलनमा घुसेका अराजक युवाको जत्थाले सार्वजनिक तथा निजी सम्पत्तिमा व्यापक आगजनी, तोडफोड र लुटपाट मच्चाएको थियो ।सोहीक्रममा कर्णाली प्रदेशको राजधानी मुकाम वीरेन्द्रनगर नगरपालिकामा अवस्थित संघ, प्रदेश र स्थानीय तहका प्रशासनिक संरचनासँगै सार्वजनिक पद धारण गरेका व्यक्तिका घरमा आगजनी, तोडफोड र लुटपाट भएको थियो । जसका कारण कर्णालीमा २१ करोड बढीको क्षति पुगेको थियो।

जिल्ला प्रशासन कार्यालय सुर्खेतले उपलब्ध गराएको तथ्यांकअनुसार तीनै तहका सरकार मातहत कार्यालयका भवन, कोठा, फर्निचर, फिक्चर्स, कम्प्यूटर तथा इलेक्ट्रोनिक्सलगायतका संरचनामा तोडफोड र आगजनीले २१ करोड १० लाख ५६ हजार सात सय ४६ रुपैयाँ बराबरको क्षति पुगेको छ, जसमा संघ र प्रदेशका निकायमा १० करोड १९ लाख ६९ हजार तीन सय ४६ र वीरेन्द्रनगर नगरपालिका तथा मातहतका वडा कार्यालयमा १० करोड ९० लाख ८७ हजार चार सय रुपैयाँ बराबरको क्षति भएको छ।

आगजनी र तोडफोड कारण महत्वपूर्ण सरकारी दस्तावेज जलेर तथा च्यातिएर नष्ट भएका थिए ।तथ्यांक अनुसार सबैभन्दा बढी क्षति कर्णाली प्रदेशसभा सचिवालयमा भएको छ ।सचिवालयकासचिव जिवराज बुढाथोकीका अनुसार कर्णाली प्रदेश सरकार मातहतको प्रदेशसभा सचिवालयका भवन, कोठा, फर्निचर, फिक्चर्स, कम्प्युटर, इलेक्ट्रोनिक्स, सवारीसाधन र अन्य सामग्रीमा तीन करोड ९४ लाख १६ हजार तीन सय ९४ रुपैयाँ ४८ पैसा बराबरको क्षति पुगेको छ।

त्यस्तै, प्रदेशकै निकायअन्तर्गत प्रदेश लेखा नियन्त्रक कार्यालयमा एक करोड ३२ लाख १६ हजार ६१ रुपैयाँ ८७ पैसा बराबरको भवन तथा कोठा, फर्निचर, फिक्चर्स, कम्प्युटर तथा इलेक्ट्रोनिक्स, सवारीसाधन, सरकारी कागजात, नगद/बहुमुल्य धातुमा क्षति पुगेको थियो ।सामाजिक विकास मन्त्रालयको तीन लाख ५९ हजार नौ सय मूल्य पर्ने मोटरसाइकल पूर्णरुपमा जलेर नष्ट भएको थियो ।

त्यस्तै, मुख्य न्यायाधिवक्ताको कार्यालयका एक करोड १४ लाख ६० हजार रुपैयाँ मूल्यका दुई वटा चारपाङ्गे सवारी पनि आन्दोलनकारीको तोडफोड र आगजनीका कारण पूर्णरुपमा जलेर नष्ट भएका छन् । मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा गरिएको तोडफोड र आगजनीले एक करोड ७९ लाख बराबरको क्षति पुगेको थियो । सार्वजनिक विवरणअनुसार संघीय सरकार मातहतका ६ निकायमा पनि ठूलो क्षति भएको छ, जसनुसार जिल्ला समन्वय समितिको कार्यालयमाचार लाख ३० हजार बराबरको क्षति भएको छ।

त्यस्तै, सडक डिभिजन कार्यालय सुर्खेतको सवारी साधनमा तोडफोड हुँदादुई लाख ४० हजार बराबरको क्षति भएको छ। संघ मातहतकै भेरी कोरिडोर सिँचाइ तथा नदी व्यवस्थापन आयोजनाको गाडीमा तोडफोड हुँदा ६० हजार बराबरको क्षति भएको छ। त्यस्तै, नापी कार्यालय सुर्खेतको भवनमा तथा सवारीसाधनमा तोडफोड र आगजनीले दुई करोड ६३ लाख ६० हजार नौ सय ९०

बाँकी ३ पेजमा

## कहिले बढ्छ क्षतिग्रस्त संरचनाको पुनर्निर्माण

जेन-जी आन्दोलनबाट कर्णालीमा क्षतिग्रस्त तीन वटै सरकार मातहतका कार्यालयको पुनर्निर्माण अझै अघि बढ्न सकेको छैन। क्षतिको एकिन भइसकेको भएपनि कर्णाली प्रदेश सरकारले अझै पनि आफु मातहतका संरचना पुर्ववत अवस्थामा फर्काउन चासो देखाएको छैन ।

आन्दोलनका कारण सबैभन्दा बढी क्षति पुगेका प्रदेश मातहतकाप्रदेशसभा सचिवालय र प्रदेश लेखा नियन्त्रक लगायतका कार्यालयमा पुनर्निर्माणको प्रारम्भिक प्रक्रियासमेत अघि बढ्न सकेको छैन। प्रदेशसभा सचिवालयका सचिव जीवराज बुढाथोकीले क्षतिग्रस्त संरचनाको पुनर्निर्माण कार्य अघि बढ्न नसकेको बताए।

'क्षतिग्रस्त संरचनाको पुनर्निर्माण गर्न सार्वजनिक खरिद लगायतका प्रक्रिया पुरा गर्नुपर्ने हुन्छ,' उनले भने, 'सार्वजनिक खरिदको काम भौतिक मन्त्रालयले गर्ने हो। हालसम्मसो प्रक्रिया अघि बढेको छैन ।'उनले हाल सचिवालयबाट प्रशासनिक सेवा मात्रै प्रवाह भइरहेको बताए।

बाँकी ४ पेजमा

## किन रोकियो पुनर्निर्माण ?

आन्दोलनका कारण मात्रै होइन अन्यकारण प्रदेशका निकायमा क्षति पुगेको खण्डमा पुनर्निर्माण वा मर्मत गर्ने जिम्मेवारी भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयलाई हुन्छ। तर, मन्त्रालयले हालसम्म पनि पुनर्निर्माणमा लाग्ने बजेटको प्रवन्ध नगरेर बसेको छ ।आन्दोलन लगत्तै क्षतिको एकिन तथ्यांक आइसकेको भएपनि मन्त्रालयले बजेटको प्रवन्ध अझै गर्न सकेको छैन।

मन्त्रालयका सचिव अर्जुनकुमारबमले सामान्य नभई ठुलो क्षति पुगेकाले थप बजेट प्रवन्ध गर्ने विषयमा निर्णय भई नसकेको बताए। प्रदेश सरकारद्वारा गठित समितिले निकालेको क्षतिको आँकडा अनुसार इष्टिमेट तयार भइसकेको बताउँदै उनले तत्काल पुनर्निर्माणको काम अघि बढ्ने दावी गरे।

सचिव बमले भने,'प्रदेश सरकारले बनाएको समितिले क्षतिको आँकाडा निकालेको छ ।मन्त्रालयसँग मर्मत शिर्षकमासाढे तीन करोड बजेट रहन्छ, यसैबाट वर्षभरी प्रदेशका निकायमा मागका आधारमा मर्मतका लागि बजेट दिइन्थ्यो। तर, अहिले मर्मत होइन व्यापक क्षति पुगेकाले

बाँकी ३ पेजमा

# अस्पताल प्रशासन र जेन-जी समूहबीच पाँच बुँदे सहमति

**युग संवाददाता**
**सुर्खेत, २३ असोज ।**

कर्णाली प्रदेश अस्पताल र जेन-जी समूहका प्रतिनिधिबीच पाँच बुँदे सहमति भएको छ। बिहीबार अस्पताल निर्देशक डा. गणेश थापा र जेन-जीका प्रतिनिधिबीच भएको छलफलपछि अस्पतालका सेवालाई चुस्त बनाउने विषयमा सहमति भएको हो।

सहमति अनुसार जेन-जी आन्दोलनमा घाइते भई छुटेकाहरुको हस्पिटल कार्ड बनाउन सहजिकरण गरिने छ। त्यस्तै, अस्पतालमा टोकन प्रणालीलाई डिजिटलाइज गरी सेवा लिन आउने बिरामीका लागि थप सहजता ल्याउने, अस्पतालका सबै शौचालय सफा र व्यवस्थित राख्ने, इमर्जेन्सीमा आएका बिरामीहरूको अवस्थाअनुसार कागजी प्रक्रिया सरलिकरण गर्ने तथा कर्मचारीहरूको व्यवहार सुधार्ने सहमति पनि गरिएको छायसबाहेक, अस्पताल परिसरमा रहेका पार्किङ क्षेत्रका समस्या १५ दिनभित्र समाधान गर्ने प्रतिबद्धता समेत अस्पताल प्रशासनले जनाएको छ।

# सहकारीमा आवद्ध दिदीबहिनीद्धारा दशैंमा दुई करोड बढीका खसीबोका बिक्री

**सरला सुवेदी**
**बाँके, २३ असोज ।**

हिन्दूको महान् पर्व बडादशैंले देशभर उत्साह ल्याएजस्तै बाँकेका ग्रामीण महिलामा यसपालि व्यापारिक उत्साह र आत्मविश्वासको नयाँ चमक ल्याएको छ। दशैं अवधिभर जिल्लाका विभिन्न सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत दुई करोड ३८ लाख १० हजार ८१७ रुपियाँ बराबरका खसीबोका बिक्री भएको छ, जसले बाँकेलाई देशकै प्रमुख खसीबोका आपूर्तिकेन्द्रका रूपमा उभ्याएको छ।

दशैं सुरु भएदेखि असोज २० गतेसम्म जिल्लाका १४ वटा सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड मार्फत जम्मा १ हजार ३५१ वटा खसीबोका बिक्री भएका हुन्। ती खसीबोको जम्मा तौल ४३ हजार ५९३ किलो रहेको सहकारीहरूको तथ्यांकमा उल्लेख छ। बाँकेका गाउँगाउँमा रहेका महिलाले पालनपोषण गरेको खसीबोका देशका प्रमुख सहरहरू–काठमाडौं, पोखरा, भैरहवा, बुटवल लगायत स्थानमा पठाइएको हो।

महिला उद्यमीहरूको सामूहिक पहलमा सञ्चालन भएका यी सहकारीहरूले स्थानीय स्तरमै खसीबोका पालन, हेरचाह, खोप, आहार व्यवस्थापनदेखि बजारसम्मको सम्पूर्ण प्रक्रिया व्यवस्थित रूपमा अघि बढाएका छन्। यसले न केवल महिलाको आम्दानी बढाएको छ, बरु ग्रामीण अर्थतन्त्रमा आत्मनिर्भरता र उत्पादनमुखी सोचको संस्कार पनि बढाएको छ।

सहकारीहरूका प्रतिनिधिहरूका अनुसार यसपालि बजारमा खसीबोकाको माग उच्च रहेकाले बिक्री सहज र लाभदायक भएको हो। स्थानीय खसीबोका तौल, स्वास्थ्य अवस्था र घरेलु खुराकका कारण उच्च गुणस्तरीय ठहरिएपछि सहकारीमार्फत आएका व्यापारीहरूले उचित मूल्यमा खरिद गरेका छन्।

"हामीले सहकारीमार्फत खसीबोका संकलन, तौल र बिक्री सबैकुरा पारदर्शी बनाएका छौं," एक सहकारीकी अध्यक्षले भनिन्, "पहिले पुरुषहरूकै हातमा हुने व्यापार अहिले महिलाले पनि गर्वका साथ गर्न थालेका छन्, यसले महिलाको आत्मविश्वास निकै बढाएको छ।"बाँकेका सहकारीहरू कृषि तथा पशुपालनमा जोड दिँदै आएका छन्।विगतका वर्षहरूमा स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन कठिनाइ भए पनि यस वर्ष व्यवस्थित समूहगत प्रयासका कारण खसीबोका बिक्रीमा उल्लेख्य वृद्धि

बाँकी ४ पेजमा

**चराचुरुङ्गीको संरक्षण गरौ**

**चराचुरुङ्गीले:**

- पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,
- चराहरुले किरा-फट्याङ्ग्रा खाएर रोग नियन्त्रणमा सहयोग पुर्याउँछ,
- खेतीपातीमा बिषादीको प्रयोग घट्छ,
- फलफूल खाएर बीउहरू विभिन्न स्थानमा फाली नयाँ बोटबिरुवा उम्रनमा सहयोग पुर्याउँछ,
- एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ,
- मृत जनावरको मासु खाई वातावरण सफा राख्न मद्दत पुऱ्याउँछ,
- चिरबिर आवाजले मन शान्त पारी तनाव कम गर्न मद्दत पुऱ्याउँछ,
- जैविक विविधता बुझ्न, मौसम परिवर्तनको संकेत थाहा पाउन र वातावरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन्,
- प्राकृतिक सौन्दर्यतामा वृद्धि भई पर्यापर्यटनमार्फत आयस्रोतमा टेवा पुऱ्याउँछ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा

Bhawani Auto Workshop · BC Group · Birendranagar-Surkhet

☎ ९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२

भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत

TOYOTA · BYD · Mahindra · FORCE · ISUZU · FOTON · TATA

Servicing | Repair | Denting | Panting | Washing

हाम्रा सेवाहरु

- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी विग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।

## सम्पादकीय....

# अध्ययनमै सीमित नहोस् विमानस्थलको योजना !

नेपाल नागरिक उड्डयन प्राधिकरणले सुर्खेतको भेरीगंगा नगरपालिका वडा नम्बर ९, १० र ११ मा प्रस्तावित 'सुर्खेत भेरीगंगा रामघाट' विमानस्थललाई कार्यान्वयनको तहमा लैजान लागेको छ । प्राधिकरणले कर्णालीमा अन्तर्राष्ट्रिय मापदण्डमा रहेर निर्माण गर्ने भनिएको विमानस्थल कार्यान्वयनपूर्वको वातावरणीय प्रभाव मूल्याङ्कन (ईआइए)अध्ययन प्रतिवेदनलाई अन्तिमरुप दिन लागेको छ ।हाल सञ्चालनमा रहेको सुर्खेत विमानस्थलको विकल्प यस विमानस्थललाई बनाउने भनिएको छ। प्राधिकरणले आयोजना कार्यान्वयन गर्दा प्रभावित क्षेत्रमा पर्नसक्ने सकारात्मक र नकारात्मक प्रभावका सम्बन्धमा अध्ययन गरी २१ भदौ २०८२ मा ईआइए प्रतिवेदन सार्वजनिक गरेको थियो । प्राधिकरणले प्रभावित क्षेत्रका स्थानीयवासी, सरोकारवाला निकाय र जनप्रतिनिधिसँग विमानस्थलको ईआइए प्रतिवेदनका विषयमा छलफल गरेको थियो । सार्वजनिक भएको उक्त ईआइए प्रतिवेदन उपर प्राधिकरणले १९ असोज २०८२ मा सात दिने सूचना जारी गर्दै अन्तिम प्रतिवेदन तयारीका लागि प्रभावित क्षेत्रका नागरिकको राय सुझाब मागेको हो ।

प्राधिकरणले प्रस्तावित विमानस्थलको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा पर्ने प्रभावका बारेमा लिखित राय, सुझाव उपलब्ध गराउन सार्वजनिक सूचनामार्फत अनुरोध गरेको छ ।प्रारम्भिक अध्ययनअनुसार विमानस्थल निर्माणको कुल लागत १६ अर्ब रुपैयाँ छ। विभिन्न चरणमा गरी यो रकम खर्च हुनेछ। प्रस्तावित विमानस्थललाई पाँच वर्षभित्र पूर्णता दिने गरी योजना बनाइएको छ। विमानस्थल निर्माणका क्रममा करिब तीन सय ५० व्यक्तिलाई प्रत्येक्ष रोजगारी सिर्जना हुने अनुमान छ। जसमा ५० दक्ष, एक सय अर्धदक्ष र दुई सय अदक्ष कामदार विमानस्थल निर्माणमा संलग्न हुनेछन् । त्यस्तै, स्थानीयस्तरमा उत्पादन हुने फलफूल, तरकारी, दूध र मासुजन्य पदार्थको उत्पादनसँगै खपत बढ्नेछ, भने होटल तथा पर्यटन व्यवसायमा बृद्धि भई स्थानीय अर्थतन्त्रमा ठूलो फाइदा पुग्ने अपेक्षा गरिएको छ । प्रतिवेदनअनुसार विमानस्थलले प्रदेश राजधानी सुर्खेतसँगै कर्णाली र सुदूरपश्चिम प्रदेशका सम्पूर्ण दुर्गम जिल्लालाई संघीय राजधानीसँग हवाई सेवामा जोड्नेछ।

यसले यहाँको व्यापार, पर्यटन र कृषि उत्पादनको बजार विस्तारमा ठूलो टेवा पुग्ने अपेक्षा छ ।कर्णालीमा ठुलो प्रकृतिको विमानस्थल निर्माण हुने विषय अहिलेको भने होइन । हालको सुर्खेत विमानस्थललाई विस्तार गरी ठुला जहाज उडान र अवतरण गराउन संघ र प्रदेश सरकारले योजना अघि सारेको बर्षौ व्यतित भईसकेको छ । सुर्खेत विमानस्थल विस्तारको चर्चा प्रदेश स्थापना यता निकै चलेपनि पुरा हुन नसकेको अवस्थामा अर्को विमानस्थल निर्माणको योजना अघि बढाउने तयारी भएसँगै यो विषय पुनःचर्चामा आएको छ । संघ र प्रदेश सरकारले सुर्खेत विमानस्थलमा ठुला जहाजहरु उडान र अवतरण गर्न मिल्ने गरी विस्तारको योजना वर्षेनी नीति, कार्यक्रम तथा बजेटमा समावेश गर्दै आएका छन् । हालकै विमानस्थललाई विस्तार गर्ने योजना पुरा हुन नसकेको अवस्थामा ठुलो धनराशी खर्चेर नयाँ विमानस्थल बनाउने विषयमा कर्णालीका नेताहरुबीच मतभेद कायमै छ । यसर्थ, योजना बनाउने तर कार्यान्वयन नगर्ने विगतका अभ्यासबाट बाहिर निस्किएर कर्णालीमै अन्तर्राष्ट्रियस्तरको विमानस्थल निर्माणको कार्यलाई मुर्तरुप दिन राजनीतिक र प्रशासनिक नेतृत्व जिम्मेवार बन्नु पर्दछ ।च र्चा मात्रै हुने तर योजना अध्ययनमै सीमित हुने परिपाटी यस पटक नदोहोरियोस् ।

## विश्व

# नेतान्याहूद्वारा गाजा युद्धविराम सम्झौताको प्रशंसा, स्वीकृतिका लागि मन्त्री परिषद् बोलाउने



**जेरुसेलम, २३ असोज**

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले गाजा युद्धविराम र बन्धक मुक्तिको लागि हमाससँग भएको सम्झौताको प्रशंसा गर्दै सम्झौताको अनुमोदन गर्नका लागि शुक्रबार मन्त्रीमण्डल बोलाउने निर्णय गरेको जनाएका छन् । नेतान्याहूले विज्ञप्ति मार्फत सम्झौता भएको दिन इजरायलका लागि एउटा महान दिन भएको भन्दै सम्झौतामा अझै पनि "सबै" बन्धकहरूको रिहाइ समावेश भएको बताएका छन् । गाजामा बाँकी रहेका ४८ जना बन्धक मध्ये करिब २० जना अझै जीवित रहेको इजरायलले जनाएको छ ।

योजनाको पहिलो चरणको स्वीकृतिसँगै सबै बन्धकहरूलाई घर फर्काइने आश्वासन दिदै यो कार्य कूटनीतिक सफलता र इजरायलका लागि राष्ट्रिय तथा नैतिक विजय भएको उनले बताएका छन् । सम्झौतामा मतदान गर्न मन्त्री परिषद् बोलाउने अपेक्षा गरिएको छ, प्रधानमन्त्री कार्यालयले जनाएको छ। नेतान्याहुको दक्षिणपन्थी गठबन्धनका धेरै प्रमुख सदस्यहरू, बसोबास समर्थक मन्त्रीहरू इटामार बेन-गभिर र बेजलेल स्मोट्रिचले बारम्बार हमाससँगको सम्झौताको विरोध गर्दै सार्वजनिक रूपमा गाजामा यहूदी बस्तीहरूको पुनर्निर्माणका लागि आह्वान गरेका छन् ।

नेतान्याहु र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फोनमा कुराकानी गरेको जनाउदै नेतन्याहुको कार्यालयले फोन वार्तामा अत्यावश्यक र भावनात्मक कुराकानी भएको उल्लेख गरेको छ । जसमा उनीहरूले सबै बन्धकहरूको रिहाइ सुरक्षित गर्ने सम्झौतामा हस्ताक्षर गरेको ऐतिहाँसिक उपलब्धिका क्रममा एक अर्कालाई बधाईसमेत दिएका छन् ।

इजरायल र हमासले गाजा युद्धको अन्त्य गर्ने र बन्धक र केही प्यालेस्टिनी कैदीहरूलाई रिहा गर्ने आफ्नो २० सूत्री योजनाको "पहिलो चरण" मा सहमत भएको सामाजिक सञ्जाल मार्फत ट्रम्पले घोषणा गरेका छन् । ट्रम्पले योजना बमोजिम सबै बन्धकहरू चाँडै नै रिहा हुने तथा इजरायलले बलियो, दिगो र चिरस्थायी शान्तिको मार्गमा सहमती सहित आफ्नो सेना फिर्ता गर्ने र सबै पक्षलाई उचित व्यवहार गरिने जनाएका छन् ।

इजरायल र हमासका प्रतिनिधिमण्डलले कतार, इजिप्ट र अमेरिकी मध्यस्थकर्ताको मध्यस्थतामा इजिप्टको रेड सी रिसोर्ट शर्म अल-शेखमा सोमबार देखि निरन्तर वार्ता गरिरहेका छन् । सन् २०२३ अक्टोबर- ७ मा युद्ध सुरु भएदेखि, इजरायली आक्रमणले गाजा पट्टीलाई ध्वस्त पारेको छ भने गाजाका व्यापक अनिकाल र विस्थापन निम्त्याएको छ भने कम्तिमा छ लाख सात हजार १८३ व्यक्तिको मृत्यु हुनुका साथै १६ लाख नौ अजार ८४१ अन्य घाइते भएको गाजाको स्वास्थ्य अधिकारीहरूले जनाएका छन् ।

# जेन-जी आन्दोलनको पाठ



जीवनाथ धमला



मुलुकको राजनीतिले गम्भीर मोड लिएको छ । यस प्रकारको परिस्थिति उत्पन्न हुनुमा ठुलासाना दलको कतै सुषुप्त त कतै प्रस्ट भूमिका देखिन्छ। जेनजी उत्तरआधुनिक पुस्ता हो । यस पुस्ताले जुन जीवन र मुलुकको सुन्दर तस्बिर मनमस्तिष्कमा कोरिरहेको हुन्छ, त्यसमा मुलुकको भविष्य जोडिएको हुन्छ । सामाजिक, राजनीतिक एवं आर्थिक बेथिति र भ्रष्टाचारमा जेलिइरहेको प्रत्यक्ष अनुभूत गरिरहेका किशोरकिशोरी वा युवापुस्तामा मुलुकको वर्तमान र भविष्यप्रति सजगता देखिनु स्वाभाविक छ ।

उनीहरूले आफ्नो साझा चिन्तालाई संयमतापूर्वक सडकमा प्रदर्शन गरेका थिए । सरकारले ठिक समयमा सुझबुझ देखाउन नसकेका कारण अकल्पनीय मानवीय क्षति हुन गयो । सत्ताले मदहोस भएको सरकारले परि स्थितिको सही अनुमान गरेर सुरक्षा निकायलाई सजगतापूर्वक परिचालन गर्न सकेको भए त्यस्तो अकल्पनीय जनधनको क्षति हुने थिएन। घुसपैठलाई पनि नियन्त्रणमा ल्याउन सक्थ्यो । जेनजीले सोच्दै नसोचेको क्षति हुनपुग्यो । जेनजीले अनुमानै नगरेको घुसपैठकारी तत्त्वहरूको रवैयाका कारण अकल्पनीय रूपमा राष्ट्रिय सम्पदा/सम्पत्तिको पनि विनाश भयो । यसको समुचित छानबिन भएर दोषीउपर कानुनी कारबाही हुनेछ भन्ने अपेक्षा सर्वत्र गरिएकै छ।

जेनजीलाई हेर्ने दृष्टिकोणलाई अब फराकिलो पार्नुपर्छ । सामाजिक सञ्जालमा रमाएर फुर्सदको समय बिताउने वर्ग भनेर एमाले, कांग्रेस लगायतका राजनीतिक नेतृत्वले अनदेखा गर्दा सरकारबाटै हात धुनुपर्ने स्थिति सिर्जना भयो ।

जेनजीले पुरानो परम्परा, मूल्यमान्यताभन्दा नयाँ विश्वजनीन मूल्यलाई बढी महत्त्व दिन्छ। विश्वसँग यो पुस्ता जोडिएको छ, संवाद गरिरहेछ। उसले प्रविधिका माध्यमबाट विश्व चहारिरहेछ, विश्वलाई चियाइरहेछ। नेपालमा बसेर उसले विश्वलाई चियाउने सामाजिक सञ्जालरूपी आँखा बन्द गरिएपछि उसमा असन्तुष्टि छाउनु स्वाभाविकै हो । सँगसँगै जेनजीले भ्रष्टाचार विरोधी आम जनमानसको अपेक्षालाई पनि सँगसँगै बोकेर हिंड्यो, जुन सर्वथा उपयुक्त थियो ।

जेनजी सैद्धान्तिक दर्शन र बौद्धिक डिस्कोर्समा भन्दा तिनको व्यावहारिक पक्षमा आँखा पुऱ्याउँछ। उसले नेपालका राजनीतिक दलका भाषण र आदर्शका कुरा धेरै सुन्यो । तिनको व्यावहारिक रूपान्तरणको यथार्थलाई अनुभव गर्न पाएन । नेताहरू सिद्धान्त र आदर्शका कुरा गरेर मुलुकप्रतिको आफ्नो अकर्मण्यलाई ढाकछोप गरिरहे, जेनजीले दलहरूले सिद्धान्तलाई व्यवहारमा ल्याएका छन् कि छैनन् भनेर अप्रत्यक्ष रूपमा अनुगमन गरिरह्यो । नेताहरूले अर्तिउपदेश दिएको धेरै सुने, आफैं उदाहरण बन्न नसकेको, बरु नेताहरू आफू भने राज्यकोषको अपव्यय, दुरुपयोग र दोहन गरिरहेको कुरा चाल पाए । अनि सामाजिक सञ्जालमा जोडिँदा जोडिँदै एउटा ठुलो सञ्जाल समूह निर्माण गरे । अब चुप लागेर बस्नुहुँदैन भनेर सडकमा ओर्लने निर्णय गरे । बुझेसम्मको कुरा यति नै हो ।

जेनजीले नेपालको संविधान, २०७२ जारी भएदेखि नै हरेक सरकारले बारम्बार दोहोऱ्याउँदै आएका भ्रष्टाचारशून्य प्रशासनिक व्यवस्थाका नारा, म भ्रष्टाचार गर्दिनँ, गर्न पनि दिन्नँ भन्ने जस्ता कुरालाई छद्म नाराका रूपमा बुझे किनभने नेताहरू जति त्यसो भन्दै आए, व्यवहारमा उति नै धेरै नेताहरू भ्रष्टाचारका काण्डमा मुछिए । जेनजीले सरकारका पुगेका राजनीतिक दलका भनाइको व्यावहारिक रूपलाई अनुभव गर्न पाएनन् ।

जेनजीले मुलुक प्राकृतिक स्रोत-साधनमा धनी हुँदाहुँदै दिनहुँ हजारौंको संख्यामा आफूजस्तै युवाहरू रोजगारी खोज्दै बिदेसिनुपर्नाको कारण नेपालमा हुने गरेका भ्रष्टाचार नै हो भन्ने कुरा महसुस गरे । भोलि आफ्नो पनि त्यही अवस्था हुने कुराले उनीहरूमा बेचैनी बढिरह्यो । अनि अब नजुर्मुराए कहिले जुर्मुराउने भनेर उनीहरू जागे ।

जेनजी आन्दोलन अल्पकालको जस्तो देखिए पनि यो उनीहरूभित्र गुम्सिरहेको सचेतनाको ज्वारभाटा बनेर प्रस्फुटन भयो, त्यसको वेगले शासन सत्तालाई बढाऱ्यो । त्यस क्रममा भएको जेनजी युवाको सहादतले सत्तासीनलाई मात्र नभएर सम्पूर्ण दलहरूलाई अब भने गम्भीर ढंगमा आत्ममूल्यांकन गर्नैपर्ने बाध्यात्मक स्थितिमा पुऱ्याएको छ । यस अघि बेलाबेलामा नेताहरूद्वारा गरिएका आत्मालोचना र पार्टीहरूका समग्र गतिविधिका मूल्यांकन भनेका तार्किक आधारमा मात्र गरिएका हुन् भन्ने कुराको हेक्का राखी यथार्थलाई तर्कले ढाकछोप गरेर 'पानीमाथिको ओभानो' बन्न नहुने रहेछ भन्ने महसुस गराउन जेनजी आन्दोलनले दलहरूलाई चुनौतीपूर्ण आह्वान गरेको छ ।

अर्को, भविष्यमा हुने कुनै पनि तहको निर्वाचनमा उम्मेदवार हुनका निम्ति पार्टीको आशीर्वाद भन्दा उम्मेदवारको जनमुखी लोकप्रियता र राजनीतिक निष्ठालाई सर्वोपरि प्राथमिकतामा राख्नैपर्ने पाठ जेनजी आन्दोलनले नमेटिने गरी सिकाएको छ । २०४८ सालमा केही हदसम्म निष्ठामुखी उम्मेदवारहरूले टिकट पाएका थिए। त्यसबेला रापताप अलि बेग्लै थियो ।

२०५१ को मध्यावधि निर्वाचनदेखि बढी आफन्तवाद हाबी हुन थालेको हो। त्यसयताका निर्वाचनमा निष्ठा र इमान्दारीभन्दा नेतृत्वको तजबिजले नै गतनिर्वाचनसम्म अधिक ठाउँ पाइरहेको अनुभव सर्वत्र हुँदै आएको हो । जेनजी आन्दोलनले नेताभक्तिभन्दा देशभक्तिलाई शिरमा राख्ने नेतृत्व चयनका लागि ठुलो पाठ सिकाएको छ । यसैगरी व्यक्तिभन्दा पार्टीको आदर्शलाई ध्यान दिन सचेत गराएको छ ।

यसैगरी कसैले प्रत्यक्ष र कसैले व्यावहारिक तवरमा भन्ने वा देखाउने गरेका छन् कि 'सन्यासी हुन कसैले राजनीति गर्दैन' । यसको तात्पर्य राजनीतिक गर्नु भनेको धन आर्जन गर्नका लागि हो। अब मनसा, वचसा र कर्मणा यसो भन्ने र सोच्ने दिनलाई जेनजी आन्दोलनले पूर्णविराम लगाइदिएको छ ।

नेपाली कांग्रेसका आदर्श पुरुष बिपी कोइरालाले २०१३ सालमा बागलुङका एक कार्यकर्ता ओमप्रसाद थकालीलाई पत्र लेख्दै भनेका थिए,'यदि कांग्रेसलाई एउटा व्यक्तिगत स्वार्थ साधनको निमित्त बनाउन कोही लाग्छ भने हामीले त्यसलाई कांग्रेसबाट टाढै राख्नुपर्छ । हामी सबैले निःस्वार्थी सेवाव्रत लिनुपर्छ । गेरुवा रङको लुगा नलगाएर पनि हामीले मनमा जोगीका जस्तो निष्काम प्रवृत्ति धारण गर्नुपर्छ। कुनै ठुलो पदमा पुगिन्छ भने पनि हामीमा अभिमान नभएर सेवाभाव हुनुपर्छ। यदि साधारण अवस्थामा रहनु परेमा पनि दुःखी भएर उही सेवाभाव मनमा रहनुपर्छ। यति कुरा गर्न सक्यौं भने देशलाई हामीले माथि लैजान सक्छौं ।'

बिपीले एउटा कार्यकर्तालाई भनेका कुरा हुन् यी । पत्रमा अंकित 'जोगीको जस्तो निष्काम प्रवृति' वाक्यांशले बडो महत्त्वपूर्ण अर्थ सम्प्रेषण गर्छ । जोगी हुन गेरुवा वस्त्र लगाउनु जरुरी छैन । जोगीको तात्पर्य धन संग्रह गर्ने मनोवृत्तिबाट मात्र मुक्त हुनु हो । आफ्नो पैत्रिक र असल नियतले, कर्मले आर्जन गरेको धनदौलत सबै त्याग्नुपर्छ भन्ने होइन । राजनीतिमा लागेर धन आर्जन गर्ने प्रवृत्ति भएका कार्यकर्ताले देशसेवा गर्नै सक्दैन। उसले आत्मसेवा मात्र गर्छ ।

बिपी विचारका धेरै अनुयायीमा राजनीति भनेको अर्थलिप्सा परिपूर्तिको माध्यम बनेको छ भन्न हिच्किचाउनु पर्दैन। एमाले, माओवादी लगायत पार्टीमा पनि मुखमा राम राम र बगलीमा छुरा जस्तो अर्थलिप्सा अझ बढी चुलिएको कुरा छर्लङ्ग छ । त्यसैले २०४८ साल यताका सबै तहका नेता कार्यकर्ताको सम्पत्ति शुद्धीकरण गरी वैयक्तिक/पारिवारिक विरासत र मिहिनेतबाट आर्जेकोबाहेक बाँकी सम्पत्ति राष्ट्रका नाममा ल्याउनुपर्ने विषयलाई जेनजी आन्दोलनले प्रस्ट संकेत गरेको छ।

इतिहासमा कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह, मनमोहन अधिकारी, तुलसीलाल अमात्य, सुशील कोइराला, रामहरि जोशी, महेन्द्रनारायण निधि, बलबहादुर राई, भीमबहादुर तामाङ, मदन भण्डारी लगायत कैयौं आदर्श नेतासँगै राजनीतिमा लागेका, सहकार्य गरेका वर्तमानको नेतृत्व पुस्ताले आत्ममूल्यांकनका लागि अब ढिलाइ गर्नु हुँदैन । पहिले आफूले आफैंलाई शुद्धीकरण गर्ने अनि आआफ्नो पार्टीका शुद्धीकरण गर्ने साहस वर्तमानको नेतृत्वपुस्ताले गर्नुपर्छ । त्यसो नगरिएमा हुने परिणति कस्तो हुने रहेछ भन्ने पाठ जेनजी आन्दोलनबाट सिक्नुपर्छ ।

अब सम्पूर्ण राजनीतिक दलले आफूलाई संवैधानिक बखेडामा नअलमल्याई सच्चिने अवसरका रूपमा नयाँ परिस्थितिलाई आत्मसात गरेर स्वच्छ, सक्षम र इमानदार नेता-कार्यकर्ताहरूलाई आगामी निर्वाचनपछि सरकारको नेतृत्वमा पुऱ्याउन गृहकार्यतर्फ लाग्नु नै मुलुकको हितमा हुनेछ। लोकतन्त्रमा नै यस्ता चुनौती आउने हुन् ।

लोकतन्त्रको विकल्प उन्नत लोकतन्त्र नै हो । लोकतन्त्रलाई अझ उन्नत, जनमुखी र जवाफदेही बनाई राष्ट्रलाई आन्तरिक तवरमा सबल र भौतिक उन्नतिमा समृद्ध बनाउने जिम्मा जननिर्वाचित लोकतान्त्रिक सरकारको नै हो। राजनीतिक दलहरूद्वारा अंगीकार गरिएका सिद्धान्त र नीतिहरूको अन्तर्य पनि यही हो । सत्ता र शक्तिभन्दा राष्ट्र माथि रहन्छ भन्ने कुरा दलहरूले नबुझेका हुँदै होइनन् ।

*(नागरिक)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — मानसम्मानमा वृद्धि हुनेछ । विद्यार्थीहरूलाई नयाँ शिक्षण संस्थामा प्रवेश मिल्नाले मन उत्साहित रहनेछ।

**वृष** — कार्यक्षेत्रमा दायित्वहरू समयमा निभाउन सफल भइनेछ । आफन्तहरूसंग रमाइलो समय बित्नेछ । नयाँ कामको प्रस्ताव आउने वा मनग्य धन आर्जन गर्न सकिनेछ।

**मिथुन** — अरुको झैं झगडा सुल्झाउन हजुर अगाडि नबढ्नुहोस् । धैर्य र पराक्रममा वृद्धि हुनेछ। आर्थिक पक्ष सबल रहनेछ।

**कर्कट** — प्राथमिकताका विचार नगरी वचन दिने बानीले अप्ठ्यारो पर्न सक्छ। भाग्यको साथ मिल्नेछ। स्वास्थ्यलाई लिएर खानपानमा सचेत रहनुहोला।

**सिंह** — आयस्रोत बढ्नाले आर्थिक पक्ष सबल रहनेछ । व्यापार व्यवसायमा सन्तानको सहयोग मिल्नेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ। धर्मकर्ममा रुचि बढ्नेछ।

**कन्या** — कार्यक्षेत्रमा अधिकारी वर्गहरूको साथ मिल्नेछ । स्वास्थ्यमा ध्यान दिनुपर्ने हुन्छ। वित्तीय वा सहकारी संस्थाबाट लाभ मिल्ला।

**तुला** — इष्टमित्रको सहयोगले कठिन कार्य पनि सजिलै सम्पादन गर्न सकिनेछ । नयाँ सम्पर्कहरूबाट लाभ मिल्नेछ । विद्यार्थीहरूको बौद्धिक क्षमताको विकास हुनेछ।

**वृश्चिक** — कार्यक्षेत्रमा विरोधीहरू सक्रिय रहनेछन् । साझेदारी व्यापारबाट लाभ मिल्नेछ । व्यापार व्यवसायमा जीवनसाथीको सहयोग मिल्नेछ।

**धनु** — कार्यक्षेत्रमा आत्मविश्वास बनाएर राख्नुहोस् । सामाजिक सञ्जालमा बोल्दा शब्द चयनमा ध्यान राख्नुहोस् । रचनात्मक कार्य गर्ने समय रहेको छ।

**मकर** — कार्यक्षेत्रमा कर्तव्य निभाउनमा आलस्य गर्नुहोला । पहिलाको सफलताले थप काम गर्नमा हौसला मिल्नेछ।

**कुम्भ** — मनका कुराहरू व्यक्त गर्दा सम्बन्धमा मजबुती आउनेछ । नोकरी वा पेशामा प्रभाव बढ्नेछ । कार्यक्षेत्रमा रोकिएका कार्यहरू प्रारम्भ हुनेछन् ।

**मीन** — विवादास्पद मामलाहरूले तनाव बढ्नेछ। आफन्त वा बच्चाहरूको साथमा मनोरञ्जनात्मक समय बित्नेछ। व्यापार व्यवसायमा लाभ रहनेछ।

# स्याउले समृद्धि ल्याएको सिंजाका जोडु र फुङ्ग गाउँ

◣ युग संवाददाता
जुम्ला, २३ असोज ।

"पहिले स्याउ झर्थ्यो, कुहिन्थ्यो, खेर जान्थ्यो । आज त्यही स्याउ बगैंचाबाटै लाखौं आम्दानी ल्याउँछ ।" यो बदलिँदो दृश्य हो - जुम्लाको दुर्गम गाउँ सिंजा - ६ को जोडु र सिंजा -५ को फुङ्ग । जहाँ कहिल्यै बजारको मुहार देख्न नपाएका स्याउले अहिले गाउँको मुहार नै फेरिदिएका छन् । एक दशकअगाडि यो सपना जस्तो लाग्थ्यो ।

आज त्यो सपना सडकको धुलोसँगै टायरले कोरेको सम्भावनाको बाटो बनेर गाउँको गोरेटोलाई समृद्धिको राजमार्गमा बदल्दै छ । जगतबहादुर बुढा, जोडु गाउँका एक प्रगतिशील किसान, बगैंचामै उभिएर मुस्कुराउँदै भन्छन्, "यसपालि मैले३ लाख ५२ हजार रुपैयाँ मात्रै कमाएँ, त्यो पनि बगैंचामै बेचेको स्याउबाट ।"

उनको बगैंचा १७ हजार वर्गमिटर क्षेत्रफलमा फैलिएको छ, जहाँ ५ सय बढी फल दिने स्याउका बोट छन् । स्याउ प्रतिकेजी ६० रुपैयाँमा बेचियो । यो आँकडा मात्रै होइन, यो त्यो सन्देश हो - जहाँ विकास पुग्छ, त्यहाँ उत्पादन मूल्य पाउँछ ।

## किन...

पुनर्निर्माण गर्नुपर्ने अवस्थामाथप पैसा चाहिन्छ । अहिले ठ्याक्कै निर्णय भइसकेको छैन । दसैंको बिदा सकिएकाले थप बजेटको प्रवन्ध भएपछि प्रक्रिया अघि बढ्छ ।'

मन्त्रालयको काम गराइको शैली हेर्ने हो भने पुनर्निर्माको प्रक्रिया सुरु हुन अझै दुई/तीन महिना लाग्ने देखिन्छ । करोडौंको क्षति पुगेकाले पुनर्निर्माणमा आश्यक पर्ने सामग्री खरिद गर्न सार्वजनिक खरिद ऐन मुताविक जानुपर्ने हुन्छ ।

मन्त्रालयको ढिलासुस्तीलेहालसम्म पनि बजेटको प्रवन्ध नभएको अवस्थामातिहार अगावै सार्वजनिक खरिदका प्रक्रिया अघि बढ्ने सम्भावना न्यून छ । जसका कारण पुनर्निर्माणको प्रक्रिया थप लम्बिने देखिन्छ । यति मात्रै होइनजेनी-जी आन्दोलनपछिको सिर्जित राजनीतिक घटनाक्रमले प्रदेश सरकार अलमलमा परेको चर्चा कर्णालीमा भइरहेको बताइन्छ ।

## अघि...

रुपैयाँ बराबरको क्षति पुगेको जिल्ला प्रशासन कार्यालय सुर्खेतले जनाएको छ । संघीय सरकार मातहतकै भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना कार्यालयमा चार लाख १० हजार रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रशासन कार्यालय सुर्खेतले उपलब्ध गराएको तथ्यांकमा उल्लेख छ ।

त्यस्तै, वीरेन्द्रनगर नगरपालिकाको कार्यालयमादुई करोड ४६ लाख ३९ हजार रुपैयाँ बराबरको क्षति भएको छ । नगरपालिकाअन्तर्गतका वडा नम्बरमा १ मा २५ लाख, २ मा ३९ लाख ६० हजार ५००, ३ मा एक करोड ६५ लाख, ४ मा ८५ लाख ३५ हजार, ५ मा ४६ लाख ७५ हजार, ६ मा एक करोड ३७ लाख ७४ हजार, ७ मा १८ लाख ९६ हजार, ८ मा एक करोड ४८ लाख ५० हजार रुपैयाँ बराबरको क्षति भएको छ । त्यस्तै, वडा नम्बर ९ मा ३९ लाख ६० हजार एक सय, १० मा ३५ लाख २५ हजार नौ सय, ११ मा ४१ लाख ४३ हजार चार सय र १२ नम्बर वडामा ६१ लाख ७३ हजार पाँच सय रुपैयाँ बराबरको भवन, फर्निचर, फिक्चर्स, कम्प्युटर, इलेक्ट्रोनिक्स, सवारी साधन तथा महत्वपूर्ण सरकारी दस्तावेजमा क्षति भएको प्रशासनद्वारा उपलब्ध गराइएको तथ्यांकमा उल्लेख छ ।

---

# पञ्चपुरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बाबियाचौर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

## प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना

**नदीजन्य पदार्थको दिगो संकलन/उत्खनन् कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना**

**(प्रकाशित मितिः २०८२/०६/२४ )**

कर्णाली प्रदेशको सुर्खेत जिल्ला पञ्चपुरी नगरपालिकाद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | पञ्चपुरी नगरपालिका,<br>सुर्खेत, नेपाल ।<br>इमेल : panchapuri.municipality@gmail.com |
| **प्रस्तावकको व्यहोरा** | सुर्खेत जिल्लाको पञ्चपुरी नगरपालिका स्थित बड्डिखहरे, बागगाड, गल्फा, तिखाकुना, चौर, बरैचे, कोसेनी र ताउले खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन् कार्यका लागि प्रारम्भिक वाताबरणीय परिक्षण अध्ययन । |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा.** | पञ्चपुरी न.पा. वडा न. २,३,४,५,६,८,९,१०,११ |

माथि उल्लिखित प्रस्तावकको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, साँस्कृतिक, वातावरणीय र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य केन्द्रतथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखत राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न मिति, समय र स्थानमा हुने सार्बजनिक सुनुवाईमा उपस्थित भइ राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**सार्बजनिक सुनुवाई हुने स्थान मिति र समय :** पन्चपुरी नगरकार्यपालिकाको कार्यालय, २०८२/०६/३०, बिहान ११ बजे

| | |
|---|---|
| **परामर्शदाताको नाम र ठेगाना** | M/S Nep.Develop Engineering Consultancy Pvt.Ltd Birendranagar, Surkhet<br>9858053601 |

**प्रमुख प्रशासकीय अधिकृत**

---

# चुरे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

घरखेडा,कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२/०६/२४ (10th October, 2025)**

यस चुरे गाउँपालिका गाउँ कार्यपालिका कार्यालयको आ.व २०८२/०८३ अन्तर्गत तपसिल बमोजिमको खरिद कार्यका लागि प्रकाशित सूचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः–**

| सि.नं. | विवरण | बोलपत्र स्वीकृतिको आशय दिइएको बोलपत्रदाता | भ्याट बाहेकको दर रेट (प्रति सि सि) | छुट प्रतिशत |
|---|---|---|---|---|
| १ | आ.व २०८२/०८३ मा विज्ञापन एजेन्सी फर्म/कम्पनिहरुबाट पत्र पत्रिकामा सूचना प्रकाशन प्रयोजनार्थ छुट सम्बन्धी सेवा | Yes Multi Business Pvt. Ltd, Kathmandu-11 | Rs 1,200 /- | 95 % |

**प्रमुख प्रशासकीय अधिकृत**

---

# बेलडाँडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बेलडाँडी, कञ्चनपुर ।
सुदूरपश्चिमप्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२/०६/२३)**

यस कार्यालयबाट मिति २०८२।०४।३० गते युग आह्वान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रितपूर्वक दर्ता भएका बोलपत्रहरुमध्ये तपसिलका बोलपत्रदाताले पेश गरेका बोलपत्र न्युनतम मुल्याङकित सारभूत रुपमा प्रभावग्राही ठहर भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागी यो सात दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः–**

| ठेक्का नं. | बोलपत्रदाताको नाम,ठेगाना | योजनाको नाम | बोलपत्रदाताले कबोल गरेको रकम (मु.अ.कर र पि.एस.सहित) |
|---|---|---|---|
| BRM/2082/83/Works/NCB-03 | श्री पवन निर्माण सेवा धनगढी उप.म.न. ११ कैलाली । | Construction of black top road from Hulaki road Jeet Bahadur Chand house to Punna Parki's shop to New ward office building to Birendra Kathayat's house to Siddhachowk successively, ward no.01, Beldandi Rural Municipality | ७३,५६,७१०।७२ |
| BRM/2082/83/Works/NCB-04 | श्री चौधरी विल्डर्स भि.न.पा.०१ कञ्चनपुर । | Construction of administrative office building of ward no.01 of Beldandi Rural Municipality | ६४,३१,९२५।०६ |
| BRM/2082/83/Works/NCB-05 | श्री चौधरी विल्डर्स भि.न.पा.०१ कञ्चनपुर । | Construction of administrative office building of ward no.03 of Beldandi Rural Municipality | ४८,२४,४३३।४५ |

**प्रमुख प्रशासकिय अधिकृत**

---

फोन नं.: ०८३-४१६०६७

# श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बडाखोली

गुर्भाकोट नगरपालिका-६, सुर्खेत

## शिक्षक आवश्यकता सम्बन्धि सूचना

**मिति : २०८२/०६/२३**

उपरोक्त सम्बन्धमा यस विद्यालयको व्यवस्थापन समितिको मिति २०८२/०६/२३ गतेको निर्णय अनुसार यस विद्यालयमा जीव विज्ञान (Biology) विषयको रिक्त माध्यमिक तह (कक्षा ११, १२) द्धितिय श्रेणीको शिक्षक पद खुल्ला प्रतिस्पर्धाबाट पदपूर्ति गर्नुपर्ने भएकोले तपशिलको योग्यता भएका इच्छुक नेपाली दरखास्त दिनुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरीएको छ ।

**तपशिल :**

| क्र. सं | पद र संख्या | विषय | तह र श्रेणी | न्यूनतम शैक्षिक योग्यता | तलब सुविधा | दरबन्दिको किसिम | आवश्यक कागजातहरु |
|---|---|---|---|---|---|---|---|
| १ | शिक्षक | जीव विज्ञान | माध्यमिक तह (कक्षा ११, १२) | Msc in Biology | नेपाल सरकारले तोके बमो जिम | राहत अनुदान | नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र अध्यापन अनुमतिपत्रको प्रमाणपत्रका प्रतिलिपीहरु |

२. **परीक्षाको किसिम** : लिखित र अन्तरर्वाता
३. **उमेरको हद** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
४. **दरखास्त दस्तुर** : १०००। अक्षेरुपी एक हजार रुपैया मात्र
५. **दरखास्त दिने मिती** : २०८२/०६/२३ देखि २०८२/०७/०९ सम्म
६. **सम्पर्क मिति** : २०८२/०७/०९
७. **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिनेछ ।

(सम्पर्कका लागि : ९८६४७३५३५१, सूचना अधिकारी : ९८४८०७५८११)

**प्रधानाध्यापक**

---

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२।०६।२३)**

समाज जागरण केन्द्र (स्याक) नेपाल एक गैर नाफामूलक, गैरसरकारी सरकारी संस्था हो । यस संस्थाले अन्धकारलाई सराप्नु भन्दा एउटा बत्ती बाल्नु वेश भन्ने मूल नाराका साथ समुदायमा कार्यक्रमहरु कार्यान्वयन गरिरहेको छ । महिला, बालबालिका र किशोरकिशोरीहरुको गुणस्तरीय जीवनका लागि सक्षम र समृद्ध समाज निर्माणमा योगदान गर्नका लागि प्रतिबद्ध रही स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता, शिक्षा, जिविकोपार्जन, संरक्षण, जलवायु परिवर्तन, विपद व्यवस्थापन तथा मानवीय सहायता, लैङ्गिक समानता, विविधता तथा सामाजिक समावेशीकरण एवम् संस्थागत विकासका क्षेत्रमा हाल कर्णाली प्रदेशका सबै १० जिल्लाहरुमा कार्य गर्दै आइरहेको छ ।
यी विभिन्न कार्यक्रमहरुमध्ये प्लान इन्टरनेशनल नेपालसंगको साझेदारीमा Breaking Barriers for Girls SRHR in Dolpa (BBaGS) (किशोरी सशक्तिकरण परियोजना) कार्यक्रम सन् २०२४ सेप्टेम्बरदेखि डोल्पा जिल्लाका २ वटा नगरपालिकाहरुमा कार्यान्वयन भइरहेको छ । त्यसैले उक्त कार्यक्रमका लागि तपसिलमा उल्लेखित कर्मचारी/स्यंसेवक आवश्यक भएकाले इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुकबाट निवेदन आव्हान गरिन्छ ।

**विज्ञापन नं.** : ०१।२०८२।०८३
**पद** : प्राविधिक अधिकृत (Technical Officer)
**आवश्यक संख्या** : १ जना
**कार्यस्थल** : त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा (नियमित तथा अधिक रुपमा कार्यक्रमको कार्यक्षेत्रमा फिल्ड भ्रमण गर्नुपर्ने)

**आवश्यक शैक्षिक योग्यता, अनुभव तथा दक्षता**

- डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग तह उत्तीर्ण गरी खानेपानी, सरसफाइ तथा स्वच्छता वा निर्माण सम्बन्धी ३ वर्ष कार्य अनुभव भएको ।
- मोटरसाइकल चलाउन जान्ने तथा बैध सवारी चालक अनुमति पत्र भएको
- निर्माण गरिने पूर्वाधारको डिजाइन, इष्टिमेट, ड्रइङ्ग तथा निर्माण सामग्रीको दर विश्लेषण गर्न सफ्टवेयर चलाउन जान्ने ।
- प्रभावकारी समन्वय र सञ्चार गर्न सक्ने तथा आवश्यक प्रतिवेदन लेख्न सक्ने ।
- दूर्गम क्षेत्रमा फिल्डमा गई कार्यसम्पादन गर्न सक्ने ।
- इमान्दारिता र पारदर्शिता प्रदर्शन गर्न सक्षम र लैङ्गिक तथा समावेशीकरण सचेत भएको ।

**कार्य अवधी** : १ वर्ष (३ महिने परिक्षणकाल रहनेछ । कार्यसम्पादन, आवश्यकता र श्रोत उपलब्धताका आधारमा कार्य अवधी थप हुन सक्ने ।)
*(विस्तृत कार्यविवरणका लागि तलको लिंकमा जानुहोला ।)*
https://sacnepalsurkhet-my.sharepoint.com/:b:/g/personal/psingh_sacnepal_org_np/Ee4ZdxsKU7RKjwtdP0f7onUBX3GCKKxbw12TwXL7R3lxcg?e=M87yh

**विज्ञापन नं.** : ०२।२०८२।०८३
**पद** : सामुदायिक स्वयंसेवक (Community Volunteer)
**आवश्यक संख्या** : १० जना
**कार्यस्थल** : कार्यक्रमको तोकिएको कार्यक्षेत्र

**आवश्यक शैक्षिक योग्यता, अनुभव तथा दक्षता**

- मान्यता प्राप्त शैक्षिक संस्थाबाट १० जोड २ वा सो सरह उत्तीर्ण भएको ।
- स्वास्थ्य, शिक्षा वा प्राविधिक स्वास्थ्य शिक्षा भएका उमेदवारलाई प्राथमिकता ।
- नेपाली वा आवश्यकता अनुसार अंग्रेजीमा प्रतिवेदन तयार गर्न सक्ने ।
- तोकिएका विभिन्न गतिविधीहरु प्रभावकारी रुपमा समयमै सञ्चालन गर्न सक्ने ।
- मोटरसाइकल चलाउन जान्ने तथा बैध सवारी चालक अनुमति पत्र भएको
- दूर्गम क्षेत्रमा फिल्डमा गई कार्यसम्पादन गर्न सक्ने ।
- इमान्दारिता र पारदर्शिता प्रदर्शन गर्न सक्षम र लैङ्गिक तथा समावेशीकरण सचेत भएको ।

*(विस्तृत कार्यविवरणका लागि तलको लिंकमा जानुहोला ।)*
https://sacnepalsurkhet-my.sharepoint.com/:b:/g/personal/psingh_sacnepal_org_np/Ecge5nDyMIpJrPz4tuo2Km4BbYYG4Xqj0MDuPPyNs0kj3g?e=Ys6KDL

**पारिश्रमिक तथा सेवासुविधा** : संस्थाको नियमानुसार ।

**प्राथमिकता** : संस्था तथा कार्यक्रमले सकारात्मक विभेदिकरणको नीति अबलम्बन गर्ने भएकाले लैङ्गिक समानता, विविधता तथा सामाजिक समावेशीकरण, सिमान्तकृत समुदायलाई सकारात्मक विभेद गरिनेछ । साथै विज्ञापन नं. ०२/२०८२/०८३ सामुदायिक स्वयंसेवकका लागि कार्यक्रमको कार्यक्षेत्र रहेका ठूलीभेरी र त्रिपुरासुन्दरी नगरपालिका डोल्पाका स्थानीय तथा स्थायी वासिन्दाले मात्र दरखास्त पेश गर्न पाइनेछ । यदि नेपाली नागरिकतामा सो भन्दा अन्य स्थानको ठेगाना रहेको तर हाल कार्यक्रक्षेत्रका पालिकाहरुमा स्थायी वसोवास गर्ने भएमा सो को प्रमाण समेत पेश गर्नुपर्नेछ । जसमा विवाह दर्ताको प्रमाणपत्र, मतदाता परिचय पत्र वा वसाइसराइको प्रमाणपत्र मध्ये कुनै एक मात्र मान्य हुनेछ ।

**दरखास्त दिने विधि** : सन्दर्भ व्यक्तिहरुको नाम, सम्पर्क नं., इमेल ठेगाना, आफ्नो इमेल र सम्पर्क नं. सहितको व्यक्तिगत विवरण (वायोडाटा) सहित यसै सूचनामा रहेको https://bit.ly/sacnepal82 मार्फत दरखास्त दिन सकिनेछ । म्याद नाघी आएका, तोकिएका शैक्षिक योग्यता पुरा नभएका, तोकिएका मापदण्ड पुरा नगरेका, रितपूर्वक नपरेका वा म्याद नाघी आएका दरखास्तहरु स्वीकृत गर्न संस्था वाध्य हुनेछैन । यस संस्था यौंन उत्पीडन, शोषण र दूर्व्यवहार एवम् बाल दूर्व्यवहार रोक्नका लागि संस्थाको संरक्षण नीति तथा अन्य सम्बन्धित नीतिहरुसहित प्रतिबद्ध रहेको छ । यदि आवेदन पेश गर्ने व्यक्तिको यस संस्थामा कुनै नजिकको नाता लाग्ने व्यक्ति वा कुनै स्वार्थको द्वन्द्व (Conflict of Interest) छ भने आवेदनको साथमा उल्लेख वा स्व-घोषणा गर्नुहुन समेत जानकारी गराइन्छ । प्रारम्भिक छनौंटमा परेका उमेदवारहरुलाई मात्र लिखित तथा मौखिकसहित छनौंट प्रक्रियामा समावेश गरिनेछ । संस्थाले पूर्ण वा आंशिक रुपमा कुनै पनि आवेदन विना शर्त स्वीकृत गर्ने वा नगर्ने अधिकार आफूमा निहित गर्दछ ।

**आवेदन पेश गर्ने अन्तिम मिति** : मिति २०८२।०६।२९ गते दिनको ५:०० बजेसम्म । यदि कुनै कुरा बुझ्नुपरेमा तल उल्लेखित इमेल वा फोन नं. सम्पर्क गर्न सक्नुहुनेछ ।

**थप जानकारीका लागि**

## समाज जागरण केन्द्र (स्याक) नेपाल

वीरेन्द्रनगर, सुर्खेत
फोन नं. ०८३-५२१२८२
इमेल : info@sacnepal.org.np

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

# कांग्रेस सुर्खेतका पूर्वसभापति मल्लको निधन, दुःख व्यक्त

**युग संवाददाता**
**सुर्खेत, २३ असोज ।**
नेपाली कांग्रेसले पार्टी सुर्खेतका पूर्वसभापति गोविन्दबहादुर मल्लको निधनप्रति गहिरो दुःख व्यक्त गरेको छ ।पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले शोक विज्ञप्ती जारी गरी पार्टी सुर्खेतका पूर्वसभापति एवम् जिल्ला विकास समितिका पूर्वसभापति मल्लको ७८ वर्षमा भएको निधनप्रति गहिरो दुःख व्यक्त गरेका हुन ।

स्वर्गीय मल्लले पार्टीको विभिन्न पदीय जिम्मेवारीमा रहेर नेपाली कांग्रेसको सङ्गठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेको कांग्रेसले जनाएको छ । मल्लको निधनबाट पार्टीले एक अग्रज र अनुभवी नेतृत्वलाई गुमाएको बताएको छ ।

मल्लको निधनप्रति कांग्रेस सभापति, संसदीय दलका नेता एवम् पूर्वप्रधानमन्त्री तथा सभापति शेरबहादुर देउवाले दुःख व्यक्त गरेका छन् । "मल्लको निधनको खबरले मलाई दुःखीत बनाएको छ, स्वर्गीय मल्लले पार्टी सङ्गठन र नेपालको लोकतान्त्रिक आन्दोलनमा निर्वाह गर्नुभएको सक्रिय भूमिका सदा स्मरणीय रहनेछ, उनको निधनबाट पार्टीले एक अग्रज व्यक्तित्वलाई गुमाएको छ", सभापति देउवाले भनेका छन् । उनले स्वर्गीय मल्लको आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति पार्टी र आफ्नो व्यक्तिगत तर्फबाट गहिरो समवेदना प्रकट गरेका छन् ।

## कहिले...

त्यस्तै, प्रदेश लखा नियन्त्रक कार्यालयका प्रमुख रत्नप्रसाद सुवेदीले पनि पुनर्निर्माणको काम अघि बढ्न नसकेको बताए । उनले पनि भौतिक मन्त्रालयमा अनुरोध गरिएको भएपनि पुनर्निर्माणको प्रारम्भिकप्रक्रियासमेत अघि नबढेको बताए । आन्दोलनबाट ठुलो क्षति व्यहोरेकोवीरेन्द्रनगर नगरपालिकाले बजेट अभावका कारण पुनर्निर्माणको प्रक्रिया अघि बढाउन सकेको छैन ।

वीरेन्द्रनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद बास्कोटाले क्षतिग्रस्त संरचना पुनर्निर्माणमा लाग्ने बजेट नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएमात्रै खर्च गर्न मिल्ने कानुनी प्राव्धानका कारण तत्काल प्रक्रिया अघि बढाउन सकिने अवस्था नरहेको बताए ।

'क्षतिग्रस्त नगरपालिका र वडा कार्यालयबाट सेवालाई निरन्तरता दिएका छौं । नगरपालिका र वडा कार्यालयमा ठुलो क्षति पुगेको छ,' उनले भने,'यी संरचनाको पुनर्निर्माण गर्न प्रदेश र संघ सरकारलाई अनुरोध गरेका छौं । माथिबाट बजेट आएको खण्डमा तत्काल पुनर्निर्माण अघि बढ्छ, नभए नगरसभाबाट निर्णय भइ बजेट स्वीकृत नहुदासम्म पुनर्निर्माण कार्य अघि बढाउन सक्ने अवस्था छैन ।'

# पचास वर्षदेखि बसोबास गर्दै आएको जग्गाको स्वामित्व अझै पाइएन



**युग संवाददाता**
**कञ्चनपुर, २३ असोज ।**
कृष्णपुर नगरपालिका-३ का बासिन्दाले ५० वर्षदेखि चलनभोग गर्दै आएको जग्गाको स्वामित्व अझै पाउन सकेका छैनन् । तत्कालीन सुकुम्बासी आयोगले सेतो जग्गाधनी प्रमाण-पूर्जा वितरण गरे पनि त्यसले मान्यता नपाउँदा स्थानीय बासिन्दा स्वामित्वबिहीन अवस्थामा रहेका हुन् ।

जग्गाको स्वामित्व नपाउँदा स्थानीयले आफ्नो जग्गा बैङ्कमा धितो राखेर कारोबार सुरु गर्न, उद्यमशीलता कार्यक्रम अघि बढाउन र सरकारी सहुलियत पाउन नसकेको बताएका छन् ।

स्थानीय गङ्गाराम चौधरीका अनुसार विसं २०६७ सालमा तत्कालीन सुकुम्बासी आयोगले नापनक्सा गरी राजस्व बुझाएर जग्गा रजिष्ट्रेसनसहित पूर्जा उपलब्ध गराएको थियो । "त्यो पूर्जालाई कानुनी मान्यता नदिँदा अझै स्वामित्वबिहीन बन्न पुगेका हौँ", चौधरीले भने ।

हालै विघटन भएको भूमि आयोगले पुनः नापनक्सा गरी रजिष्ट्रेसनको काम सम्पन्न गरेको र राजस्व पनि बुझाइसकेका भए पनि पूर्जामात्र वितरण हुन बाँकी रहेको स्थानीय दिपक खत्रीले जानकारी दिए । उनका अनुसार मालपोत कार्यालयका कर्मचारीको ढिलासुस्तीका कारण पूर्जा वितरण प्रक्रिया अघि बढ्न सकेको छैन ।

सेतो पूर्जा प्राप्त गरे पनि मान्यता नपाएका वडाका ९१ परिवारसँग झण्डै ९० हेक्टर क्षेत्रफलको जग्गा रहेको खत्रीले बताउनुभयो । ती परिवारले हालको भूमि आयोगमा राजस्ववापत रु १३ लाखभन्दा बढी रकम बुझाइसकेका छन् । स्थानीय अझै पनि पूर्जा नपाउँदा जग्गाको कानुनी स्वामित्व सुरक्षित गर्नबाट वञ्चित भएका छन् ।

जग्गाको स्वामित्व नपाएका जग्गाधनी किसानले प्रमुख जिल्ला अधिकारी, मालपोत कार्यालय प्रमुख, नापी कार्यालय प्रमुख र भूमि आयोगका पदाधिकारीसँग भेट गरी तत्काल पूर्जा उपलब्ध गराउन माग गरेका छन् । जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा पालिका प्रमुखको सहभागितामा बसेको सरोकारवालाको बैठकले जग्गाधनी पूर्जा वितरणका लागि ठोस पहल गर्ने प्रतिबद्धता जनाएको खत्रीले बताए । प्रतिबद्धता जनाएका छन् तर प्रक्रिया अझै अगाडि नबढेको उनको भनाई छ ।

## सहकारीमा...

भएको हो ।

स्थानीय प्रशासन र पशु सेवा कार्यालयको समन्वयमा सञ्चालित यस अभियानले बाँकेलाई पशुपालनमा अगाडि बढाउने संकेत पनि दिएको छ । कृषि र पशुपालनलाई सहकारीले समेटेर अघि बढाउँदा गाउँस्तरमै रोजगारी सिर्जना र आम्दानी बढ्ने विश्वास सहकारीकर्मीहरूले लिएका छन् ।

दशैंको उत्सवका बीच बाँकेका महिलाहरूले यसरी आर्थिक सफलता हात पारेपछि स्थानीयस्तरमा सहकारी प्रणालीप्रतिको विश्वास पनि बढेको छ । परम्परागत रूपमा घरेलु काममा सीमित महिलाहरू अहिले व्यापार, व्यवस्थापन र बजार विश्लेषणमा सक्रिय देखिनु नै बाँकेको सामाजिक रूपान्तरणको संकेत हो।यसरी हेर्दा, दशैंले यस वर्ष बाँकेका महिला उद्यमीहरूलाई आर्थिक स्वतन्त्रता र पहिचानको नयाँ रंग दिएको छ–जहाँ खसीबोका मात्र बेचेका होइनन्, आफ्नै क्षमता र परिश्रमको मूल्य पनि देशभर पठाएका छन् ।

## भेरिटास इनर्जी प्रा.लि. द्वारा प्रस्तावित माथिल्लो ताक्सु साना जलविद्युत आयोजना (६.३ मे.वा.) को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना


**(प्रकाशित मिति: २०८२/०६/२४)**

यस भेरिटास इनर्जी प्रा.लि. द्वारा कर्णाली प्रदेश अन्तर्गत जाजरकोट जिल्लाको नलगाड नगरपालिका वडा नं. १० र ११ मा पर्ने दार खोला, रगाया खोला र ताक्सु खोलाको पानीलाई प्रयोग गरी ६.३ मे.वा. जडित क्षमता भएको माथिल्लो ताक्सु साना जलविद्युत आयोजना निर्माणका लागि प्रस्ताव गरिएको छ । यस आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची प्रतिवेदन तयार गरी नेपाल सरकार ऊर्जा, जलस्रोत सिंचाइ मन्त्रालयबाट स्वीकृत भइसकेको छ ।
उक्त आयोजना कार्यान्वयन गर्नुपर्ने भएकाले स्थानीय सरोकारवालाहरु, सरकारी कार्यालय, संघ/ संस्था तथा व्यक्तिगत राय/ सुझाव प्राप्त गर्ने उद्देश्यले निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम राखिएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त कार्यक्रममा सम्बन्धित संघ/ संस्था र सर्वसाधारणको उपस्थितिको लागि आमन्त्रण गरिएको छ । आयोजनाले असर पार्ने सार्वजनिक संरचना र प्रभावित घरधुरीको विवरणहरु (संरचना र जग्गा) प्रभावित वडा कार्यालयमा टाँस उपलब्ध छ ।

**कार्यक्रम सञ्चालन हुने**

**प्रस्तावकको नाम:** भेरिटास इनर्जी प्रा.लि.
**पत्राचार गर्ने ठेगाना:** दरबारमार्ग, काठमाडौँ, नेपाल ।
**टेलिफोन नं.:** ०१-४२२१००२, ९८६३०२२४१५
**ईमेल:** veritasnpl@gmail.com







९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरु

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै कित( ाबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इनिष्टच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)




युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।